# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः-४० २०६४ पुस अङ्क :-६


## प्रधानमन्त्रीद्वारा चुनावमा सघाउन प्राध्यापकहरूलाई आग्रह

काठमाडौं । प्रधानमन्त्री एवम् त्रिविका कुलपति गिरिजाप्रसाद कोइरालाले त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघको तेस्रो राष्ट्रिय अधिवेशन पुस ११ गते एक समारोहबीच गर्नुभयो ।

समारोहमा प्रधानमन्त्री कोइरालाले आन्दोलनको क्रममा २०६२ साल चैत २६ गते शहादत प्राप्त गर्नुभएका नेपालगंजस्थित महेन्द्र बहुमुखी क्याम्पस प्राध्यापक संघ एकाइ समितिका तत्कालीन सभापति उपप्राध्यापक हरिराज अधिकारीको सम्मानमा उहाँकी श्रीमतीलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो ।त्यसैगरी संघका प्रथम सभापति वसन्तकाजी बुढाथोकीलाई पनि सोही समारोहमा प्रधानमन्त्री कोइरालाले सम्मान गर्नुभएको थियो ।

सोही समारोहमा उपप्राध्यापक स्व. हरिराज अधिकारीको नाममा व्यवस्थापन संकायको एम.फिल कार्यक्रमका उत्कृष्ट विद्यार्थीलाई प्रदान गर्ने गरी स्वर्ण पदक स्थापनाका लागि प्राध्यापक संघका तर्फबाट अक्षय कोष स्थापना गर्न ८ लाख १९ हजार रुपियाँ तथा सोही संकायअन्तर्गत बी.बी.ए. तहको परीक्षामा उत्कृष्ट अंक हासिल गरी उत्तीर्ण हुने विद्यार्थीका लागि सत्यमा स्मृतिको नाममा स्वर्ण पदक प्रदान गर्न अक्षय कोष स्थापनाका लागि बैद्य अर्गनाइजेसनका तर्फबाट अर्गनाइजेसनका अध्यक्ष सुरज बैद्यले ६ लाख रुपियाँ प्रदान गर्नुभएको थियो ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै प्रधानमन्त्री कोइरालाले आगामी संविधानसभाको चुनावलाई शान्तिपूर्ण तवरमा सम्पन्न गर्न र देशमा चुनावको माहोल बनाउन प्राध्यापकले सक्दो भूमिका निर्वाह गरी सहयोग गर्न आग्रह गर्नुभयो ।

त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले प्राध्यापक संघसँग त्रिविको सहकार्य पहिलेदेखि नै हुँदैआएको र यो सदैव जारी नै रहने आशा व्यक्त गर्दै स्थापनाको छोटो समयमा नै त्रिवि प्राध्यापक संघले उल्लेख्य कामहरू गरेर त्रिविको प्राज्ञिक क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको बताउनुभयो ।



प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला त्रिवि प्राध्यापक संघको तेस्रो अधिवेशनको उद्घाटन गर्नुहुँदै । *(तस्वीरःत्रिवि सूचना शाखा)*

संघका सभापति शिवप्रसाद मुनकर्मीको अध्यक्षतामा भएको संघको अधिवेशनको उद्घाटन समारोहमा नेपाल प्राध्यापक संघका अध्यक्ष प्रा.डा भूपति ढकालले शुभकामना मन्तव्य र संघका सदस्य डा. प्रकाशमान श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# बौद्ध इन्साइक्लोपिडिया हस्तान्तरण

काठमाडौं । नेपालका लागि श्रीलंकाका राजदूत सुमिध नाकन्दलाले त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मालाई इनसाइक्लोपिडिया अफ बुद्धिज्म शीर्षकका ३ भोल्युम पुस्तक पुस २६ गते हस्तान्तरण गर्नुभयो ।

त्रिवि बौद्ध अध्ययन केन्द्रीय पुस्तकालयका लागि ती पुस्तकहरू श्रीलंका सरकारका तर्फबाट उपहारस्वरूप प्रदान गरिएका हुन् ।

त्यसै अवसरमा त्रिभुवन विश्वविद्यालय र श्रीलंकाका विश्वविद्यालयबीच आपसी सहयोग स्थापना र अभिवृद्धिका विषयमा दुई पक्षबीच छलफलसमेत भएको थियो ।

उपकुलपतिको कार्यकक्षमा भएको सो कार्यक्रममा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य, रजिस्ट्रार डा. भीमराज अधिकारीका साथै बौद्ध अध्ययन केन्द्रीय विभागका प्राध्यापकहरूको पनि उपस्थिति रहेको थियो ।



**श्रीलंकाका राजदूत नाकन्दला त्रिविका उपकुलपति प्रा.डा. शर्मालाई बौद्ध इन्साइक्लोपिडिया हस्तान्तरण गर्नुहुँदै । साथमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. अमात्य र रजिस्ट्रार डा. अधिकारी (दायाँ) हुनुहुन्छ ।** *(तस्वीर:त्रिवि सूचना शाखा)*

# किस्ट कलेजमा विदाइ समारोहको आयोजना

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यको प्रमुख आतिथ्यमा किस्ट कलेज अफ मेनेजमेन्ट, कमलपोखरीले सो क्याम्पसबाट हालै बी.बी.ए. तथा बी.आई.टी. उत्तीर्ण गरेका विद्यार्थीहरूलाई पुस २८ गते एक समारोहबीच विदाइ गऱ्यो ।

समारोहलाई सम्बोधन गर्दै शिक्षाध्यक्ष प्रा.डा. अमात्यले आफूले सिकेको ज्ञान र सीपलाई राष्ट्रका लागि प्रयोग गर्न स्नातक उत्तीर्णहरूलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा त्रिवि योजना महाशाखाका प्रमुख प्रल्हादराज पन्तले किष्टले गरेको प्रगतिको प्रशंसा गर्दै गुणस्तरमा जोड दिन कलेज परिवारलाई सुझाव दिनुभयो ।

कलेजका अध्यक्ष हिरेन्द्रमान प्रधानको सभापतित्वमा भएको सो समारोहमा कलेज सदस्य सचिव सह प्रा. रामप्रसाद दाहाल, प्रिन्सिपल कृष्णचन्द्र पौडेल, विद्यार्थी सोफिया कार्कीलगायतले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई पुरस्कार समेत प्रदान गरिएको थियो ।




**किस्ट कलेजद्वारा आयोजित विदाइ समारोहमा अतिथिहरू ।**

# तिब्बत विषयमा सेडामा अन्तरक्रिया

काठमाडौं । नेपाल भ्रमणमा आएको चिनियाँ तिब्बतशास्त्रीहरूको प्रतिनिधिमण्डल र त्रिविबीच पुस ५ गते एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माको सभापतित्वमा त्रिवि आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा) हलमा सम्पन्न सो कार्यक्रम अरनिको समाज र तिब्बत संस्कृति विकास र संरक्षणका लागि चिनियाँ संगठनको संयुक्त आयोजनामा भएको थियो । उक्त अवसरमा चीनको तिब्बतशास्त्र अनुसन्धान केन्द्रका उपमहानिर्देशक तोन्जिङ ग्याप्सले तिब्बत स्वशासित क्षेत्रको विकास विषयमा प्रवचन दिनुभएको थियो ।

कार्यक्रममा प्राध्यापक, बुद्धिजीवी, विभिन्न संघ संस्थाका जिज्ञासुहरू तथा विद्यार्थीहरूको उपस्थिति रहेका थिए ।

सो अवसरमा उपमहानिर्देशक ग्याप्स ले संगठनको तर्फबाट उपकुलपति डा. शर्मालाई ल्याप्टप कम्प्युटर र एक जोर पुस्तक हस्तान्तरण गर्नुभएको थियो ।

# स्नातकोत्तर तहमा द्वन्द्व र शान्ति विषयको पढाइ आरम्भ

काठमाडौं। शिक्षा तथा खेलकुद राज्यमन्त्री मोहनसिंह राठौरले त्रिवि मानविकी तथा सामाजिकशास्त्र संकायले शुरू गरेको द्वन्द्व, शान्ति र विकास अध्ययन विषयक स्नातकोत्तर तहको नयाँ कार्यक्रमको पुस १२ गते एक समारोहका बीच उद्घाटन गनुभयो ।




**मानविकी संकायले शुरू गरेको द्वन्द्व, शान्ति र विकास अध्ययन विषयक स्नातकोत्तर तहको कार्यक्रम उद्घाटन समारोहमा अतिथिगण ।** *(तस्वीर:त्रिवि सूचना शाखा)*

बानेश्वरस्थित ग्लोबल कलेज अफ म्यानेजमेन्टको भवनमा संचालन गरिएको सो विषयको शैक्षिक कार्यक्रममा हाल नेपाल र श्रीलंकाका गरी कुल ४० जना विद्यार्थी अध्ययनरत छन् । यो विषयको पढाइ संचालन गर्न नर्वेको सहयोग प्राप्त रहेको छ ।

प्रमुख अतिथिको आसनबाट समारोहलाई सम्बोधन गर्दै राज्यमन्त्री राठौरले जटिल अवस्थाबाट देश गुज्रिरहेको यो समयमा द्वन्द्व, शान्ति र विकासजस्ता ३ वटा महत्त्वपूर्ण विषयका विज्ञहरू उत्पादन गर्न त्रिविले यो कार्यक्रम शुरू गर्नु खुशीको कुरा हो भन्नुभयो ।

देशमा हुने द्वन्द्व र विवादका पछाडि आर्थिक असमानता, भौगोलिक विकटता र स्रोत साधनको असन्तुलित वितरण प्रमुख रूपले रहने हुनाले यसको समाधान गर्न देशको हरेक पक्षबारे जानकार जनशक्तिको आवश्यकता पर्ने सन्दर्भमा विविध पक्षको अध्ययन अध्यापन हुने यो नयाँ विषयका जनशक्तिप्रति आशावादी हुन सकिने बताउनुभयो ।

समारोहमा नेपालका लागि नर्वेका राजदूत टोरे टोरेन्गले द्वन्द्वको मारमा परेका श्रीलंका र नेपाल दुवै देशका विद्यार्थीहरू हाल यस विषयको अध्ययनमा सँगै रहेकाले दुई देशको अनुभव आदान प्रदानका लागि यसले सघाउने आशा व्यक्त गर्नुभयो ।

त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले नर्वे, श्रीलंका र नेपालको संयुक्त सहकार्यमा त्रिविले शुरू गरेको यो नयाँ विषय द्वन्द्व व्यवस्थापन र शान्तिका लागि अति महत्त्वपूर्ण रहेको बताउँदै यो विषय नेपालका लागि मात्र नभएर विदेशीका लागि समेत उपयोगी भएकाले यसलाई भविष्यमा अझ ठोस योजनाका साथ अगाडि बढाउनु आवश्यक छ भन्नुभयो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले एक दशकसम्म द्वन्द्वमा फँसिसकेको नेपालमा यो विषयको पढाइ ठीक समयमा शुरू भएको बताउनुभयो ।

त्रिविका रजिस्ट्रार डा. भीमराज अधिकारीले नेपालीहरूले कसरी द्वन्द्व व्यवस्थापन गर्नेछ, कसरी शान्ति स्थापना गर्नेछ भन्ने कुराको बाहिरी विश्वले नियालिरहेको सन्दर्भमा यससम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्ने यो विषयको पढाइ शुरू हुनुलाई महत्त्वका साथ लिनुपर्छ भन्नुभयो ।

मानविकी तथा सामाजिक शास्त्र संकायका डीन प्रा. रमेशराज कुँवरले त्रिविमा समयअनुसारका नयाँ नयाँ कार्यक्रम संचालन गर्ने उद्देश्यबमोजिम नर्वेको सहयोगमा यो विषयको पढाइ शुरू गरिएको बताउँदै सेमेस्टर प्रणालीको यो विषय देशकै लागि नौलो भएको जानकारी दिनुभयो ।

नोमा संयोजक प्रा. विशाल सिटौलाले अफ्रिका र एसियाका विपन्न देशहरू एकातिर गरिबीबाट पीडित छन् भने अर्कोतिर आन्तरिक युद्धबाट पनि पिल्सिरहेको अवस्थामा नर्वेले युद्ध व्यवस्थापन र शान्ति स्थापना जस्ता विषय नेपाल र श्रीलंकालगायत विश्वका अन्य देशहरूमा संचालनका सहयोग गर्नु प्रशंसनीय छ भन्नुभयो ।

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिँदै कार्यक्रम संयोजक डा. शौभाग्य शाहले नेपाललगायत विश्वका कैयौं राष्ट्रले सामना गरेको द्वन्द्वको विषय मानविकीका अन्य परम्परागत विषयभन्दा फरक रहेको बताउँदै व्यवहार र सिद्धान्तबीच तालमेल मिलाएर यो विषयको अध्यापन हुन सके प्रभावकारी साबित हुने धारणा राख्नुभयो ।

कार्यक्रमको अन्त्यमा सहायक डीन कन्हैयाभक्त माथेमाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# पृथ्वीनारायण क्याम्पसमा श्रव्य पुस्तकालय स्थापना

पोखरा । शिक्षामा सरल पहुँचको माग गर्दै आएका दृष्टिविहीनहरूका लागि पोखरामा उच्चशिक्षा केन्द्रीत राष्ट्रिय श्रव्य (अडियो) पुस्तकालय स्थापना गरिएको छ। श्रव्य पुस्तकालयमार्फत दृष्टिविहीनहरूले अब अरूको सहाराविना नै उच्चशिक्षा अध्ययन गर्नसक्ने भएका छन्।

पृथ्वीनारायण बहुमुखी क्याम्पसस्थित पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयमा झण्डै १२ लाख रुपियाँको लागतमा स्थापना गरिएको सो पुस्तकालय देशकै एक मात्र यस किसिमको पुस्तकालय हो । नेत्रहीन संघ कास्कीद्वारा नेदरल्यान्डस्थित फोर्स फाउन्डेसनको आर्थिक सहयोगमा पुस्तकालय स्थापना गरिएको हो ।

कम्प्युटर प्रविधिबाट रेकर्डिङ गरी दृष्टिविहीनहरूलाई आवश्यक पुस्तक यही पुस्तकालयबाट उपलब्ध गराउन थालिएको छ भने व्यक्तिगत र संस्थागत सदस्यताको व्यवस्था गरी एक वर्षभित्रै उच्चशिक्षा अध्ययन गर्ने ५ सय ५० दृष्टिविहीन प्रत्यक्ष लाभान्वित हुने गरी पुस्तकालयको क्षमता वृद्धि गर्ने लक्ष्य लिइएको बताइएको छ ।



**उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा श्रव्य पुस्तकालयको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै ।**

हाल माध्यमिक तहसम्म अध्ययन गर्ने दृष्टिविहीनहरूले छामेर पढ्ने ब्रेललिपिबाट पढ्न पाए पनि उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीले भने दृष्टियुक्त साथिले पढेका भरमा सुनेरै परीक्षा दिनुपर्ने बाध्यता रहदैआएको थियो ।

मुलुकभरि झण्डै एक हजार दृष्टिविहीनले हाल उच्चशिक्षा अध्ययन गरिरहेका छन् । उक्त अडियो पुस्तकालयमा हाल एक सय अडियो पुस्तक छन् भने एकैपटक १५ जना विद्यार्थीले अध्ययन गर्न सक्छन् ।

सो पुस्तकालयको उद्घाटन त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले पुस २० गते गर्नुभएको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले समावेशी शिक्षाका लागि मुलुकको शिक्षानीति परिवर्तनमा जोड दिनुका साथै यो पुस्तकालय दक्षिण एसियामै नमुनाको रूपमा विकास होस् भन्ने शुभकामना दिनुभएको थियो ।

पृथ्वीनारायण बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख डा. दिलवहादुर क्षेत्रीले पुस्तकालयलाई एक वर्षभित्रै अन्तर्राष्ट्रिय पुस्तकालय संगठनसँग आबद्ध गर्ने योजना रहेको बताउनुभयो ।

पुस्तकालयका संयोजक खोमराज शर्माले हाल पृथ्वीनारायण बहुमुखी क्याम्पसका ६५जना दृष्टिविहीन विद्यार्थी यस पुस्तकालयबाट प्रत्यक्ष लाभान्वित भएको बताउनुभयो ।

यो पुस्तकालय स्थापना भएपछि उत्पादित अडियो पुस्तकहरू देशभरिकै दृष्टिविहीनहरूले प्राप्त गर्नसक्ने कास्की नेत्रहीन संघका सचिव लक्ष्मण सुवेदीले बताउनुभयो ।

नेपाल नेत्रहीन संघका महासचिव रमेश पोखरेलले पुस्तकालयको स्थापनाले सबै दृष्टिविहीन विद्यार्थीहरूले पढ्न पाउने कुरा बताउँदै नेपालमा २ लाख दृष्टिविहीनमध्ये ६ हजार भन्दा बढीले माध्यमिक तहसम्म अध्ययन गरेका भए पनि उच्चशिक्षा अध्ययन गर्नेको संख्या कम रहेको जानकारी दिनुभयो ।

श्रव्य पुस्तकालयको लागि नेदरल्यान्डस्थित फोर्स फाउन्डेसनले एक वर्षका लागि तीन जना कर्मचारी उपलब्ध गराएको छ भने पृथ्वीनारायण बहुमुखी क्याम्पसले एक जना कर्मचारी उपलब्ध गराएको छ । ती कर्मचारीहरूले पुस्तकालयमा उपलब्ध प्रविधिमार्फत आवश्यक श्रव्य पुस्तक उत्पादन गरी दृष्टिविहीनहरूलाई वितरण गर्ने कार्यक्रम राखिएको छ ।

# रजिस्ट्रारद्वारा भलिबल प्रतियोगिता उद्घाटन

धनकुटा । त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार डा. भीमराज अधिकारीले त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद शाखाको सहयोग एवम् तत्वावधानमा धनकुटा बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन धनकुटाद्वारा आयोजित पूर्वाञ्चलव्यापी अन्तर क्याम्पस भलिबल प्रतियोगिता (पुरूष) को पुस ५ गते उद्घाटन गर्नुभयो ।



त्रिविका रजिस्ट्रार डा. भीमराज अधिकारी (बीचमा) रेफ्रीलाई भलिबल दिएर प्रतियोगिता उद्घाटन गर्नुहुँदै ।

प्रतियोगितामा पूर्वाञ्चल क्षेत्रका १० वटा क्याम्पस टिमले भाग लिएका थिए ।

प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै रजिस्ट्रार डा. अधिकारीले व्यक्तिको बौद्धिकका साथै शारिरीक विकासका लागि खेलकुद निकै महत्वपूर्ण रहेको बताउनुभयो ।

पूर्वाञ्चल भ्रमणको क्रममा रजिस्ट्रार डा. अधिकारीले धनकुटा बहुमुखी क्याम्पस,धनकुटा, धरान क्याम्पस, हात्तिसार, महेन्द्र बहुमुखी क्याम्पस, धरान, महेन्द्र मोरंग आदर्श बहुमुखी क्याम्पस, विराटनगर र स्नातकोत्तर क्याम्पस, विराटनगरमा जानु भई शिक्षक, कर्मचारी र विद्यार्थीसँग ती क्याम्पसका समस्या सम्बन्धमा छलफल गर्नुभएको थियो ।

# विभिन्न क्याम्पसमा कार्यक्रम थप्न स्वीकृति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसहरूलाई आर्थिक वर्ष २०६४/२०६५देखि निम्नअनुसार शैक्षिक कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गरेको छ :

| | क्याम्पसको नाम | अध्ययन संस्थान/संकाय | तह |
|---|---|---|---|
| ❖ | पथरी बहुमुखी क्याम्पस,पथरी १, मोरङ | व्यवस्थापन | बी.बी.एस |
| ❖ | भाषा क्याम्पस,कागते, धनकुटा | ,, | ,, |
| ❖ | प्रोज्ज्वल क्याम्पस,गौरादह, ८, झापा,, | ,, | ,, |
| ❖ | अक्सफोर्ड कलेज, बुटवल १०, सुख्खानगर,रुपन्देही | शिक्षाशास्त्र | तीन वर्षे बी.एड |
| ❖ | पथरी बहुमुखी क्याम्पस,पथरी १, मोरङ | ,, | ,, |
| ❖ | अर्गली बहुमुखी क्याम्पस,अर्गली,पाल्पा | ,, | ,, |
| ❖ | अमर क्याम्पस,भिंगृ, प्यूठान | ,, | ,, |
| ❖ | भवानी बहुमुखी क्याम्पस,पालुङटार, गोरखा | ,, | ,, |
| ❖ | भेरी शिक्षा क्याम्पस,गुमी, सुर्खेत | ,, | ,, |
| ❖ | घण्टेश्वर सेती महाकाली ब. क्याम्पस,लक्ष्मीनगर ४ कुडिकोट,जोरायल,डोटी | ,, | ,, |
| ❖ | नव जागृत बहुमुखी क्याम्पस,तिलाटार ६ पर्वत | ,, | ,, |
| ❖ | नव आदर्श बहुमुखी क्याम्पस,देउराली १, पाल्पा | ,, | ,, |
| ❖ | संखुवासभा क्याम्पस,चैनपुर, संखुवासभा | ,, | ,, |
| ❖ | जनज्योति क्याम्पस,भिमाद १, तनहुं | ,, | ,, |

# विद्यावारिधि उपाधि प्रदान

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान तथा संकायहरूले विभिन्न महानुभावहरूलाई निम्न विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



***पुष्पराज शर्माः*** व्यवस्थापन संकायले पुष्पराज शर्मालाई micro-Finance Practices and their Sustainability in Nepal शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ असार २७ गते गरेको छ ।

२०२३ फागुन २५ गते जन्मनुभएका उहाँ पोखरास्थित पृथ्वीनारायण बहुमुखी क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***ज्ञानु क्षेत्री (विष्ट):*** मानविकी तथा सामाजिकशास्त्र संकायले ज्ञानु क्षेत्री (विष्ट) लाई समाजशास्त्र विषयअन्तर्गत Gender Perceptions and Practices Among Some Caste/Ethnic Groups of Pokhara, Nepal शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ भदौ २० गते गरेको छ ।

सन् १९५९ अगस्ट ५ मा जन्मनुभएका उहाँ पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***पुरुषोत्तम श्रेष्ठः*** मानविकी तथा सामाजिकशास्त्र संकायले पुरुषोत्तम श्रेष्ठलाई मानवशास्त्र विषयअन्तर्गत Financial Performance of Microfinance Institutions with Special Reference to Small Farmers Cooperative Limited (SFCL) in Nepal शीर्षकको शोत्रपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ भदौ २३ गते गरेको छ ।

२० नोभेम्बर १९५२ मा जन्मनुभएका उहाँ ललितपुर जावलाखेलस्थित टेक्नोलोजी एन्ड रुरल अपलिफ्टमेन्ट सर्भिस टिम (ट्रस्ट) का संस्थापक बोर्ड डाइरेक्टर तथा कार्यकारी सदस्य हुनुहुन्छ ।



***रामचन्द्र पोखरेलः*** मानविकी तथा सामाजिकशास्त्र संकायले रामचन्द्र पोखरेललाई नेपाली विषयअन्तर्गत *'बालकृष्ण समका ऐतिहासिक नाटकको विश्लेषण'* शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ भदौ २६ गते गरेको छ ।

२०४९ साल कार्तिक १३ गते जन्मनुभएका उहाँ पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***आशिष सिन्हाः*** मानविकी तथा सामाजिकशास्त्र संकायले आशिष सिन्हालाई मानवशास्त्र विषयअन्तर्गत The Social Environment of Relapsed Drug Users in Nepal शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०५४ साल भदौ २७ गते गरेको छ ।

२७ अगस्ट १९७२ मा जन्मनुभएका उहाँ रिचमन्ड फेलोशिप नेपाल र संगती पुनर्स्थापना केन्द्रका शिक्षक हुनुहुन्छ ।



***भीमराज सुवालः*** मानविकी तथा सामाजिकशास्त्र संकायले भीमराज सुवाललाई जनसंख्या अध्ययन विषयअन्तर्गत Poverty and Work Migration of Children in Rural Nepal शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ भदौ ३१ गते गरेको छ ।

उहाँ जनसंख्या अध्ययन केन्द्रीय विभाग कीर्तिपुरमा कार्यरत हुनुहुन्छ ।



***लक्ष्मणप्रसाद गौतमः*** मानविकी तथा सामाजिकशास्त्र संकायले लक्ष्मणप्रसाद गौतमलाई नेपाली विषयअन्तर्गत 'समकालीन नेपाली कविताका प्रवृत्ति' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ असोज ९ गते गरेको छ ।

२०२० साल असोज २५ गते बागलुङमा जन्मनुभएका उहाँ वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***केशवकुमार श्रेष्ठः*** मानविकी तथा सामाजिकशास्त्र संकायले केशवकुमार श्रेष्ठलाई मानवशास्त्र विषयअन्तर्गत *'राजवंशी जातिको सामाजिक संरचना'* शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ असोज १७ गते गरेको छ ।

सन् १९५२ डिसेम्बर १७ मा धुम्बाराही, काठमाडौंमा जन्मनुभएका उहाँ कीर्तिपुरस्थित समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागमा अध्यापनरत हुनुहुन्छ ।



***उदय छेत्रीः*** मानविकी तथा सामाजिकशास्त्र संकायले उदय छेत्रीलाई नेपाली विषयअन्तर्गत *'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन'* शीर्षकको शोधपत्रमा विद्यावारिधि प्रदान गर्ने निर्णय २०६४ असोज २१ गते गरेको छ ।

सन् १९७३ नोभेम्बर ८ मा जन्मनुभएका उहाँ भारतको सिक्किम सरकारी महाविद्यालयमा व्याख्याता पदमा कार्यरत हुनुहुन्छ ।



***गोपालप्रसाद दाहालः*** मानविकी तथा सामाजिकशास्त्र संकायले गोपालप्रसाद दाहाललाई राजनीतिशास्त्र विषयअन्तर्गत *'प्रजातन्त्र रक्षाका लागि नेपालमा सार्वजनिक सरोकारको विवादः सम्भाव्यता र चुनौती'* शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ असोज २३ गते गरेको छ ।

२०११ साल फागुन २८ गते मादी मूलखर्क-१ संखुवासभामा जन्मनुभएका उहाँ महेन्द्र बहुमुखी क्याम्पस, धरानमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***शोभा पोखरेल (पौडेल):*** मानविकी तथा सामाजिकशास्त्र संकायले शोभा पोखरेल (पौडेल) लाई इतिहास विषयअन्तर्गत 'नेपालको प्रजातान्त्रिक आन्दोलनमा टंकप्रसाद आचार्यको भूमिका' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय ०६४ कार्तिक २७ गते गरेको छ ।

२०११ कार्तिक ७ गते जन्मनुभएका उहाँ पाटन संयुक्त क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***कमलमैंया प्रधानः*** मानविकी तथा सामाजिकशास्त्र संकायले कमलमैंया प्रधानलाई भूगोल विषयअन्तर्गत Tourism in Nepal: A Macro & Micro Perspective शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ मंसिर १३ गते गरेको छ ।

सन् १९५८ सेप्टेम्बर २२ मा भक्तपुरमा जन्मनु भएका उहाँ त्रिचन्द्र क्याम्पसको भूगोल विभागमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***ज्ञानेन्द्रप्रसाद पौड्यालः*** मानविकी तथा सामाजिकशास्त्र संकायले ज्ञानेन्द्रप्रसाद पौड्याललाई इतिहास विषयअन्तर्गत 'नेपालको इतिहास लेखनमा डा.डिल्लीरमण रेग्मीको योगदान' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ मंसिर १४ गते गरेको छ ।

२०१६ असार ४ गते जन्मनुभएका उहाँ शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

***सुरेन्द्र प्रधान (श्रेष्ठ):*** मानविकी तथा सामाजिक शास्त्र संकायले सुरेन्द्र प्रधान (श्रेष्ठ)लाई नेपाली विषयअन्तर्गत 'लेनसिंह बाङदेलको उपन्यासकारिताको विश्लेषण र मूल्याङ्कन' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान २०६४ कार्तिक २८ गते गरेको छ । १३ नोभेम्बर १९५७ मा जन्मनु भएका उहाँ भारत दार्जिलिङको एस्.आर.बी.टी कलेजका प्राचार्य हुनुहुन्छ ।

१३ नोभेम्बर १९५७ मा जन्मनु भएका उहाँ भारत दार्जिलिङको एस्.आर.बी.टी कलेजका प्राचार्य हुनुहुन्छ ।

# जापानी सहयोगको सराहना

काठमाडौं । त्रिभुवन विश्वविद्यालयको स्वयम्भूस्थित प्राकृतिक विज्ञान संग्रहालयको हातामा जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका) को सहयोगमा नेपाल वातावरणीय तथा शैक्षिक विकास केन्द्र (सेनिड) नामक गैरसरकारी संस्थाद्वारा संचालित स्वयम्भू वातावरणीय उद्यान निर्माण परियोजना समापनको अवसरमा पुस २ गते संग्रहालयमा एक समारोहको आयोजना गरियो ।

सो समारोहलाई सम्बोधन गर्दै नेपालका लागि जापानका राजदूत तात्सुओ मिजुनोले जापानले जैविक विविधता जोगाउन




**उपकुलपति प्रा.डा. शर्मा सेनिडद्वारा प्राकृतिक विज्ञान संग्रहालय हातामा निर्मित उद्यान परियोजना समापन समारोहलाई सम्बोधन गर्नुहुँदै ।** *(तस्वीरःत्रिवि सूचना शाखा)*

शैक्षिकरूपमा जागरुकता फैलाउने कार्यक्रम संचालन गरिरहेको बताउनुभयो ।

त्रिविका उपकुलपति प्रा. डा.माधवप्रसाद शर्माले स्वयम्भू जस्तो मनोरम स्थलमा अवस्थित त्रिवि प्राकृतिक विज्ञान संग्रहालयलाई बगैंचाबाट सिंगार्ने काममा जापानका मित्रहरूले गरेको सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै राम्रा राम्रा बगैंचा बनाउने संस्कृति भएका जापानले आफ्नो परम्परागत तरिका र संस्कृतिलाई जोगाइ राख्न सकेजस्तै नेपालले पनि आफ्नो परम्परालाई हिफाजत गर्नुपर्छ र जापानबाट हामीले यो कुरा सिक्नुपर्छ भन्नुभयो ।

सेनिडका अध्यक्ष डा. केशव श्रेष्ठको सभापतित्वमा सम्पन्न समापन कार्यक्रममा जापानस्थित सेनिडका निर्देशक तथा सेनिड-जाइकाका संयोजक प्रा.डा. शोजो शिबाटा, जाइकाको नेपालस्थित आवासीय प्रतिनिधि नोरियाकी निवा, स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिका महासचिव महेन्द्र गुरुजु र सेनिड नेपालका सचिव सूर्यबहादुर मुल्मीले सेनिडको गतिविधि तथा विश्व सम्पदामा सूचीकृत स्वयम्भू क्षेत्रमा विकास गरिएको वातावरणीय बगैंचाबारे प्रकाश पार्नुभएको थियो । कार्यक्रमको प्रारम्भमा सेनिड नेपालका उपाध्यक्ष पुष्पकेशरी श्रेष्ठले स्वागत मन्तव्य दिनुभएको थियो ।

समारोहमा जाइका नेपालको सहयोगमा सेनिडद्वारा प्रकाशित स्वयम्भू विश्व सम्पदा क्षेत्रमा पाइएका कीट, पंछी र चराका ९ वटा पोस्टकार्डको उपकुलपति प्रा.डा. शर्मा र राजदूत मिजुनोले संयुक्तरूपमा विमोचन गर्नुभएको थियो ।

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छ:

| शिक्षक/कर्मचारीको नाम | कार्यालयको नाम | पद | अवकाश लागू मिति |
|---|---|---|---|
| श्री गयानारायण श्रेष्ठ | परीक्षा नियन्त्रण कार्यालय, वल्खु | उप प्रशासक | २०६४।७।२१ |
| श्री मित्रप्रसाद उप्रेती | पुल्चोक क्याम्पस,पुल्चोक | उप प्राध्यापक | २०६४।९।२ |
| श्री नारायणबहादुर श्रेष्ठ | थापाथली क्याम्पस,थापाथली | वरिष्ठ प्रशिक्षक | २०६४।९।८ |
| श्री रामप्रसाद सिग्देल | पुल्चोक क्याम्पस,पुल्चोक | लेखा अधिकृत | २०६४।९।१४ |
| डा. त्रिरत्न मानन्धर | इतिहास केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६४।९।१७ |
| श्री देवरत्न कंसाकार | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | सह प्राध्यापक | „ |
| श्री लक्ष्मणलाल श्रेष्ठ | पाटन संयुक्त क्याम्पस,पाटनढोका | „ | „ |
| श्री तीर्थराज सुवेदी | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | „ | २०६४।९।२९ |

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका विभिन्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ ।

| _राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागू मिति |
|---|---|---|---|
| श्री सुनिल वाग्ले | ल्याव असिस्टेन्ट | पश्चिमाञ्चल क्याम्पस,पोखरा | २०६०।८।१ |
| डा. सुमनलाल अमात्य | उप प्राध्यापक | महाराजगंज क्याम्पस,महाराजगंज | २०६१।१०।२० |
| डा. दमयन्ती गुरुङ्ग | „ | भूगर्भशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६१।११।१७ |

# क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका क्याम्पस प्रमुखहरूको नियुक्त गरेको छ :

| नाम | नियुक्ति पद | नियुक्ति स्थान | नियुक्ति लागू मिति |
|---|---|---|---|
| श्रीमती कृष्णवदन नकर्मी | क्याम्पस प्रमुख | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६४।९।१ |
| श्री वालाराम खड्का | „ | सुर्खेत क्याम्पस,सुर्खेत | „ |
| डा. हरिप्रसाद पराजुली | „ | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | „ |
| श्री नेत्रप्रसाद धिताल | „ | महेन्द्ररत्न क्याम्पस,ताहाचल | २०६४।९।३० |
| श्री दीवाकर पोखरेल | „ | नेपाल कमर्श क्याम्पस,मीनभवन | „ |
| श्रीमती यशोदा काफ्ले | „ | जनप्रशासन क्याम्पस,जमल | „ |
| श्री नारायण खड्का | „ | अमृत क्याम्पस,लैनचौर | „ |
| श्रीमती इरेन श्रेष्ठ | „ | पद्मकन्या बहुमुखी.क्याम्पस,वागवजार | „ |
| श्री जीवनारायण झा | „ | महेन्द्र मो.आ.ब.क्याम्पस,विराटनगर | „ |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१

**प्रापक:**